स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

# News Clips

www.ippan.org.np

आर्थिक अभियान
हरेक दृष्टि, आर्थिक कोण
राष्ट्रिय दैनिक

# सामाजिक सुरक्षा करको ६० अर्ब अर्थ मन्त्रालयमै

**विजय दमासे**

काठमाडौं

विगत १ दशकदेखि सामाजिक सुरक्षा कर शीर्षकमा श्रमिकबाट उठाइँदै आएको अर्बौं रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्न सरकारले आनाकानी गरेको छ।

योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम सामाजिक सुरक्षा करबापत संकलन गरिएको रकमसमेत सामाजिक सुरक्षा कोषले नै परिचालन गर्न पाउने व्यवस्था छ। ऐनको दफा २६ मा उपदफा २ (ङ) मा सामाजिक सुरक्षा करबापत हालसम्म संकलित र भविष्यमा संकलन हुने रकम सामाजिक सुरक्षा कोषमा जम्मा हुने व्यवस्था गरिएको छ। तर, अर्थ मन्त्रालयले हालसम्म उक्त रकम कोपलाई हस्तान्तरण गरेको छैन।

ऐनको यो प्रावधान विपरीत हुने गरी अर्थ मन्त्रालयले हालसम्म सामाजिक सुरक्षा करको नाममा उठाएको कुनै रकम कोपलाई हस्तान्तरण नगरेको कोपका अधिकारीहरू बताउँछन्।

हाल कोपले यसमा आबद्ध निजीक्षेत्रका प्रतिष्ठान र त्यहाँ कार्यरत श्रमिकले योगदान गरेको रकमबाट मात्र सामाजिक सुरक्षाका कार्यक्रम चलाइरहेको छ। यस्तो रकम ५२ अर्ब रुपैयाँभन्दा बढी पुगेको कोपले बताएको छ।

अर्थ मन्त्रालयले सामाजिक सुरक्षा कर हस्तान्तरण नगरेको विषयमा महालेखा परीक्षकको प्रतिवेदनले पनि प्रश्न उठाएको छ।

'योगदानमा आधारित सुरक्षा ऐन, २०७४ को दफा २६ (२) (ङ) मा सामाजिक सुरक्षा करबापत संकलन गरिने रकम कोपमा जम्मा हुने व्यवस्था छ,' महालेखाको ५८औं प्रतिवेदनमा उल्लेख छ, 'उक्त रकम सामाजिक सुरक्षा कोपमा जम्मा नगरी सञ्चित कोषमा जम्मा भएको र विनियोजन ऐनबमोजिम खर्च भइसकेको देखिन्छ। प्रत्येक वर्ष सामाजिक सुरक्षा कर कट्टीबापतको रकम राजस्वमा जम्मा भइरहेकाले ऐनअनुसार कट्टा हुने रकम सीधै कोपमा जम्मा हुने व्यवस्था गरी उद्देश्यअनुरूप कोपलाई उपयोगमा ल्याउनुपर्छ।'

उक्त रकम कोपमा ल्याउनका लागि अर्थ मन्त्रालयसँग समन्वय गरिरहेको भए पनि मन्त्रालयले सहयोग नगरेको सामाजिक सुरक्षा कोपका प्रवक्ता विवेक पन्थीले बताए। 'बारम्बार ताकेता गर्दा पनि अर्थ मन्त्रालयले सामाजिक करबापत संकलन भएको रकम हस्तान्तरण गर्न आनाकानी गर्दै आएको छ,' पन्थीले भने।



**बारम्बार ताकेता गर्दा पनि अर्थ मन्त्रालयले सामाजिक करबापत संकलन भएको रकम हस्तान्तरण गर्न आनाकानी गर्दै आएको छ।**

**विवेक पन्थी**
प्रवक्ता, सामाजिक सुरक्षा कोष



**सामाजिक सुरक्षा कर सरकारले संकलन गर्ने अन्य कर जस्तो हो। यो रकम सरकारले आफ्नो प्राथमिकताअनुसार खर्च गर्नेछ।**

**उत्तरकुमार खत्री**
प्रवक्ता, अर्थ मन्त्रालय

### कुन वर्ष कति उठाइयो सामाजिक सुरक्षा कर ? रू. करोडमा

| आर्थिक वर्ष | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | - |
|---|---|---|---|---|---|---|---|
| उठेको कर | ६१ | १४२ | १९२ | २३६ | २९५ | ३२० | - |
| आर्थिक वर्ष | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| उठेको कर | ४३३ | ५२४ | ६०५ | ६४४ | ६८२ | ७६४ | ८५६ |

अर्थ मन्त्रालयका अधिकारीहरू भने सामाजिक सुरक्षा कर राजस्वमा जम्मा भइरहेको स्वीकार्दै यो रकम जनताको हितमै खर्च भइरहेको बताउँछन्। अर्थ मन्त्रालयका प्रवक्ता उत्तरकुमार खत्री सामाजिक सुरक्षा कर सरकारले संकलन गर्ने अन्य कर जस्तो रहेको बताउँछन्। योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ मा उक्त रकम कोपमा जम्मा हुनुपर्ने भनिए पनि खत्री भने सरकारले उठाउने अन्य करजस्तै भएकाले कोपलाई हस्तान्तरण गरिरहनु नपर्ने बताए। 'यो रकम सरकारले आफ्नो प्राथमिकताअनुसार खर्च गर्नेछ,' उनले आर्थिक अभियानसँग भने।

संयुक्त ट्रेड युनियन समन्वय केन्द्रका अध्यक्ष योगेन्द्र कुँवर श्रमिकबाट संकलन गरिएको रकम श्रमिककै सुरक्षा र हकहितका लागि खर्च गरिनुपर्ने बताउँछन्। 'सामाजिक सुरक्षा ऐनमार्फत सरकारले सामाजिक सुरक्षा कर उठाउँदै आएकाले त्यो रकम कोपमै जम्मा गरिनुपर्छ,' उनले भने। श्रमिकका नाममा अन्य कल्याणकारी कोप खडा गरेर सरकारले रकम असुले पनि प्रभावकारी हिसाबमा श्रमिकको हितमा खर्च हुन नसकेको उनको बुझाइ छ।

मुलुक राजनीतिक संक्रमणमा रहेको तथा श्रम सम्बन्ध खराब भएको त्यो बेला श्रमिक बेरोजगार बन्दा उनीहरूलाई आर्थिक सहयोग गर्ने उद्देश्यले यो करको शुरुआत गरिएको थियो।

सरकारले सामाजिक सुरक्षा करको नाममा उठेको रकम नदिँदा कोपले सञ्चालन गर्ने भनेको सामाजिक सुरक्षाका थप कार्यक्रम विस्तार गर्न नसकेको पन्थीले बताए।

**सामाजिक सुरक्षा ऐन, २०७४ मा हालसम्म संकलित र भविष्यमा संकलन हुने सामाजिक सुरक्षा करको रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ।**

### किन, कसरी उठाउन थालियो ?


विगत १ दशकदेखि संगठित संस्थामा कार्यरत श्रमिक तथा कर्मचारीले पाउने पारिश्रमिकबाट १ प्रतिशतका दरले सरकारले सामाजिक सुरक्षा करको नाममा रकम उठाइरहेको छ। आर्थिक वर्ष (आव) २०६६/६७ देखि उठाइरहेको त्यस्तो कर शीर्षकमा गत आव २०७९/८० सम्म ५७ अर्ब ५३ करोड उठिसकेको छ। चालू आवको प्रथम ८ महीनासम्म समेत जोड्दा ६० अर्बभन्दा बढी रकम संकलन भएको अर्थ मन्त्रालयले बताएको छ।

पारिश्रमिक आय आर्जन गर्ने व्यक्तिहरूबाट करयोग्य आयको १ प्रतिशत सामाजिक सुरक्षा कर लगाउन थालिएको थियो। तत्कालीन अर्थमन्त्री सुरेन्द्र पाण्डेले हडतालका कारण उद्योगहरू बन्द हुन थालेपछि कोपको परिकल्पना गरेका थिए। रोजगारी गुमाएका वा विपत्मा परेका श्रमिकको सामाजिक सुरक्षाका निमित्त उक्त कोप खडा गरिएको थियो। उठेको कर त्यही कोपमै राख्ने भनियो।

आर्थिक ऐन, २०६९ ले आयकर २०५८ को अनुसूची १ को दफा १ बमोजिम सरकारले कर्मचारीको पारिश्रमिकबाट १ प्रतिशत सामाजिक सुरक्षा कर निरन्तर उठायो। आव २०७५/७६ देखि २०७९/८० सम्मको सामाजिक सुरक्षा कर संकलन हेर्दा आव २०७५/७६ मा रू. ६ अर्ब ५ करोड ४२ लाख ५२ हजारबाट आव २०७९/८० मा आइपुग्दा रू. ८ अर्ब ५६ करोड १५ लाख २१ हजार संकलन भई पछिल्लो ५ वर्षको अवधिमा मात्रै १४१ प्रतिशतले वृद्धि भएको देखिन्छ।

आन्तरिक राजस्व विभागका निर्देशक आनन्दकुमार गुप्ता सामाजिक सुरक्षा करमा प्रत्येक वर्ष वृद्धि हुनुमा प्यान सबैका लागि अनिवार्य गरिनुजस्ता राजस्व नीतिको प्रभाव र रोजगारी सृजना नै प्रमुख पक्षका रूपमा रहेको बताउँछन्। यो रकम सामाजिक सुरक्षा कोपमा जम्मा गरेर उद्देश्यअनुसार खर्च गर्न सरकारले चासो देखाइरहेको छैन। यसकारण सरकारले उठाइरहेको यो करको प्रभावकारितामाथि नै प्रश्न उठ्दै आएको छ

# ऊर्जासम्बन्धी आयोजना बढ्दै, विद्युत् निरीक्षकको कमी



काठमाडौं। मुलुकले ऊर्जा क्षेत्रमा गुणात्मक फड्को मारेको छ। हाल निर्माणाधीन जलविद्युत् आयोजनाको संख्या १४२ पुगेको छ। निर्माणमा जाने तयारीमा रहेका आयोजनाको संख्या पनि उल्लेख्य छ। विद्युत् विकास विभागका अनुसार निर्माण सम्पन्न भई सञ्चालनमा रहेका आयोजना १४४ ओटा छन्।

सर्वेक्षण अनुमति लिन आवेदन दिएका, सर्वेक्षण अनुमति लिएका, निर्माण अनुमतिका लागि आवेदन दिएका, निर्माणमा जाने तयारीमा रहेका आयोजनाको संख्या पनि ठूलो छ। तर ती आयोजनाको अनुगमन र निरीक्षण गर्ने अधिकारी पर्याप्त नहुनु समस्याको रूपमा रहेको छ।

विद्युत् ऐन, २०४९ को दफा ३७ ले प्रमुख विद्युत् निरीक्षक र विद्युत् निरीक्षकको प्रबन्ध गरेको छ। कानूनमै व्यवस्था भएको विषय हालसम्म पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन। सरकारले विद्युत् ऐन संशोधनका लागि संघीय संसद्मा विधेयक समेत पेश गरिसकेको छ। विधेयकमाथि छलफल जारी छ।

विद्यमान कानूनी व्यवस्था नै कार्यान्वयन हुन नसक्दा निजीक्षेत्रले निर्माण गरिरहेका आयोजनाको गुणस्तरको सूक्ष्म निरीक्षण एवम् अनुमगन हुन सकेको छैन। केही महिना पहिले म्यादीमा निर्माणाधीन एक आयोजनामा उचित सुरक्षा प्रबन्ध नगरी काम लगाउँदा श्रमिकको ज्यान जाने गरी घटना भएको थियो। प्रवर्द्धकले सो घटनालाई सामान्य बनाउने प्रयास गरेको भन्ने गुनासो आएपछि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले चासो व्यक्त गर्‍यो र अनुगमनका लागि प्राविधिकसहितको टोली खटायो।

प्रमुख विद्युत् निरीक्षक र निरीक्षक नै भएको भए सो कामका लागि तत्काल जनशक्ति परिचालन गर्न सकिन्थ्यो। ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतले मन्त्रालय र विभागका अधिकारीलाई अनुगमनमा जान निर्देशन नै दिनुपर्ने अवस्था आएको थियो।

यी सबै काम गर्ने जिम्मेवारी विद्युत् विकास विभागको हो। विभागले अन्य प्रयोजनका लागि आएका कर्मचारीलाई समेत सो काममा खटाउनु परेको छ। विभागका महानिर्देशक जीवछ मण्डलका अनुसार ऐनमा भएको प्रबन्धअनुसार नै प्रमुख विद्युत् निरीक्षक र आवश्यक संख्यामा विद्युत् निरीक्षक नियुक्तिका लागि पहल भइरहेको छ।

त्यसका लागि विभागले आवश्यक कागजात तयार पारी मन्त्रालयमा पेश गरेको पनि लामो समय भइसकेको पनि मन्त्रालयबाट आवश्यक निर्णय हुन सकेको छैन, जसले आयोजना स्थलमा हुने अनेकन समस्या समाधानका लागि समेत जनशक्ति परिचालनमा समस्या भएको उनले जानकारी दिए।

विभागका महानिर्देशक मण्डलका अनुसार आवश्यकता बोध गरिएको भए पनि आवश्यक संख्यामा जनशक्ति उपलब्ध हुन सकेको छैन। विद्युत् ऐन, २०४९ को दफा ३७ मा भनिएको छ, 'विद्युत् उत्पादन, प्रसारण वा वितरणको निरीक्षण र रेखदेख गर्न नेपाल सरकारले आवश्यकताअनुसार, प्रमुख विद्युत् निरीक्षक र विद्युत् निरीक्षकहरू नियुक्त गर्न सक्नेछ।' त्यस्तै, सोही ऐनको दफा ३७ मै प्रमुख विद्युत् निरीक्षक तथा विद्युत् निरीक्षकको लागि चाहिने योग्यता, काम कर्तव्य र अधिकार तोकिएको छ। विभागका अनुसार हालसम्म निर्माण अनुमतिका लागि आवेदन दिएका आयोजनाको संख्या एक सय चार छ। ती आयोजनाको विद्युत् उत्पादन क्षमता ११ हजार ६९ मेगावाट छ। यस्तै, कुल दुई सय ४९ आयोजनालाई विद्युत् उत्पादन अनुमति दिइएको छ। ती आयोजनाको क्षमता ९ हजार ६ सय एक मेगावाट बराबर छ।

सरकारले निजीक्षेत्रलाई जिम्मा दिएका आयोजना कानून अनुसार २५ वर्षपछि राज्यकै स्वामित्वमा आउँछ। ती आयोजनामा अन्ततः नागरिकको नै लगानी भएको हुन्छ। ती आयोजना निर्माणको गुणस्तरदेखि प्रयोग भएका उपकरणबारे विभागले नियमित रूपमा अनुगमन गर्नुपर्छ। सरकारले ऊर्जा मिश्रणको अवधारणा समेत अगाडि सारेर वैकल्पिक ऊर्जाको विकासमा पनि उत्तिकै जोड दिएको छ। ती सबै प्रकृतिका ऊर्जाका आयोजनाको प्रभावकारिता मापन गर्न पनि प्रमुख विद्युत् निरीक्षक र निरीक्षक आवश्यकता पर्दछ।

यस्तै, वैदेशिक लगानीका ठूला क्षमताका आयोजना समेत निर्माणका विभिन्न चरणमा छन्। ती आयोजनाको अवस्थाबारे समेत अनुगमन, निरीक्षण, आवश्यक सुझाव प्रदान तथा सहजीकरणको काम विभागको हो।

यसैगरी कुल ११ केभीदेखि चार सय केभी क्षमताको प्रसारण लाइनको अवस्था, प्रभाव तथा अन्य प्राविधिक विषयमा समेत प्रमुख विद्युत् निरीक्षकले अनुमगन मूल्यांकन गर्नुपर्छ। तर, जनशक्तिको अभावमा ती काम हुन सकेको छैन। यसबारे मन्त्रालयले चासो व्यक्त गरेपनि आवश्यक निर्णय भने गर्न सकेको छैन। नीति निर्माताको तहमा यस विषयमा खासै छलफल भएको समेत सुनिँदैन। यद्यपि, विभागका महानिर्देशक मण्डल भने यसको प्रक्रिया अगाडि बढेको दाबी गर्छन्। 'हामीले आवश्यक निर्णय गरेर प्रस्ताव मन्त्रालयमा पेश गरेका छौं। आशा गरौं, छिट्टै यसबारे निर्णय होला,' उनले भने। *रासस*

हाम्रो गौरव, राष्ट्रको पत्रिका

गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद दुःखभाग्जनः।

# चुकेनी जलविद्युत् अन्तिम चरणमा



**चुकेनी जलविद्युत् आयोजना जुम्लाको विद्युत्गृहमा गरिएको परीक्षण ।**

**जुम्ला समाचारदाता**
*जुम्ला, चैत २४ गते*

बत्तीको अभाव भोगिरहेको जुम्लामा पहिलो पटक करिब एक मेगावाटको चुकेनी जलविद्युत् आयोजना निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। पातारासी गाउँपालिकाको चुकेनी जलविद्युत् सहकारी संस्थाबाट सञ्चालित आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको हो।

चुकेनी जलविद्युत् सहकारी संस्थाका अध्यक्ष गोरबहादुर रावतका अनुसार निर्माण कार्य करिब अन्तिम चरणमा पुगेसँगै पावर हाउसमा बत्ती बलेको छ। उहाँले बत्तीको काम अन्तिम चरणमा पुगेकाले जुम्ली जनताले आफ्नै ठाउँमा उत्पादित बत्ती बाल्न पाउने बताउनुभयो।

पातारासी गाउँपालिकासहित जुम्ला सदरमुकाममा सो बत्ती बाल्न सकिने छ। वैकल्पिक ऊर्जा प्राधिकरणको ६० प्रतिशत, पातारासी गाउँपालिकाका स्थानीय नागरिक तथा स्थानीय पातारासी गाउँपालिकाको सेयर लगानीमा उत्पादन भएको करिब एक मेगावाटको बत्ती जुम्लाको अहिलेसम्मकै ठुलो आयोजना हो।

वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रको अनुदान २८ करोड ४४ लाख ३० हजार र स्थानीय नागरिक, सरकार र प्रदेश सरकारको सेयर लगानीको ११ करोड र सङ्घीय सरकारको पाँच करोड गरी कुल ४४ करोड ४४ लाख ३३ हजारमा सो आयोजना बन्दै छ।

पातारासीको काखमा निर्माण भइरहेको उक्त आयोजना फेवा कन्सल्टेन्स बुटवलले जिम्मा पाएको वैकल्पिक ऊर्जा नवीकरणीय ऊर्जाका लागि जीविकोपार्जन परियोजनाका फिल्ड संयोजक पृथ्वी शाहीले जानकारी दिनुभयो। उहाँले साइटमा काम गर्ने जिम्मा मेघा हाइड्रो इन्जिनियरिङ कम्पनी बुटवलले लिएको बताउनुभयो। बजार लाइन पिएलसी कम्पनीबाट अर्का प्राविधिक आएपछि बजार लाइन पुग्ने भएको छ।

उहाँका अनुसार विद्युत्गृहभित्रको म्यानुयल्ली सिस्टमको कार्य सम्पन्न भई पावर हाउसमा बत्ती बलेको हो। अब केही दिनमा स्वचालित प्रणाली सुरु हुने छ। त्यसपछि बजार क्षेत्रमा बत्ती सप्लाईको काम गर्ने तयारी भइरहेको छ।

जुम्लामा बहुचासोको विषय बनेको उक्त विद्युत् आयोजना निर्माण कार्य अन्तिम चरण पुगेकामा जुम्लावासी बत्तीको व्यापक प्रतीक्षामा छन्। विद्युत् आयोजनाको परिकल्पनाकार तथा पहलकर्ता पूर्वमन्त्री नरेश भण्डारीले चुकेनीले जुम्ली जनताको बत्ती बाल्ने सपना पूरा हुने भएको बताउनुभयो। उहाँले जुम्लाको पातारासी गाउँपालिका-१ स्थित चुकेनीको पावर हाउसमा विद्युत् परीक्षण सफलतापूर्वक सम्पन्न भएको बताउँदै बजारको लाइनसमेत बनिसकेकाले प्रतीक्षाको समय कम हुँदै गएको जनाउनुभयो।

विद्युत् अभाव हुँदा जुम्लाको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानसहितका सरकारी सरकारी कार्यालयमा चरम समस्या भइरहेको छ। पातारासी गाउँपालिका उपाध्यक्ष जनमाया रोकायाले चुकेनी जुम्लाको गौरवशाली आयोजना भएकाले जुम्ला र पातारासी जनताको मुहारमा उज्यालो ल्याउने दाबी गर्नुभयो।

लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

www.rajdhanidaily.com

# विद्युत् उत्पादनमा निजी क्षेत्रको छलाङ

## • कुल उत्पादित ऊर्जामा दुई तिहाइ लगानी

**मधुजंग पाण्डे/राजधानी**

काठमाडौं

पछिल्लो समय नेपालमा जलविद्युत्को क्षेत्रमा एकदमै तीव्र गतिमा विकास भइरहेको छ। मुलुकका विभिन्न ठाउँमा एकपछि अर्को गर्दै धमाधन नयाँ जलविद्युत् आयोजना निर्माण हुने र सञ्चालनमा आउने क्रम बढिरहेको छ।

जब देशको जलविद्युत्लगायतका ऊर्जा उत्पादनमा निजी क्षेत्रको प्रवेश भयो। त्यसपछि नेपालमा धमाधम नयाँ जलविद्युत् आयोजना निर्माण र सञ्चालनमा आउने क्रमले तीव्रता पाएको हो। हाल मुलुकले ऊर्जा क्षेत्रमा गुणात्मक फड्को मारेको छ। सरकारी, अर्धसरकारी र निजी क्षेत्रले हाल यस क्षेत्रमा राम्रो लगानी गरेका छन्।

१९६८ सालमा नेपालमा पहिलो जलविद्युत् आयोजना (चन्द्रज्योति) बनेको हो। सो आयोजना विश्वको पहिलो जलविद्युत् आयोजनाबाट व्यापारिक उत्पादन सुरु भएको मात्र २९ वर्षपछि नेपालमा बनाइएको थियो।

नेपालमा जलविद्युत् आयोजना निर्माण हुँदा एसियाका कुनै पनि देशमा जलविद्युत् आयोजना बनेका थिएनन्। तर, बेलायत सरकारको सहयोगमा पहिलो जलविद्युत् आयोजना बनेको लामो समयसम्म नेपाल आफैंले जलविद्युत् आयोजना विकास गर्न सकेन। त्यसपछि छिमेकी देश भारतलगायतका विदेशी मित्रराष्ट्रको सहयोगमा निर्माण भएका त्रिशूली, गण्डक, कुलेखानी, कालीगण्डकीलगायतका जलविद्युत् आयोजना हुन्।

नेपाल विद्युत् प्राधिकरणले केही ससाना जलविद्युत् आयोजना निर्माण गरे पनि नेपालको जलस्रोत उच्चतम उपयोग हुनेगरी नेपालमा जलविद्युत् विकास हुन नसकेको निजी क्षेत्रको भनाइ छ।

स्वतन्त्र ऊर्जा उत्पादकको संस्था नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले जब निजी क्षेत्रको लगानी हुन थालेपछि मात्र नेपालको जलविद्युत् क्षेत्रले फड्को मारेको दाबी गरेका छन। इप्पानका अध्यक्ष कार्कीका अनुसार निजी क्षेत्रले व्यापारिक रूपमा उत्पादन सुरु गर्दा २०५७ सालमा पहिलो आयोजना बनेको करिब ९० वर्षसम्म सरकारी निकायको उत्पादन २ सय ७६ मेगावाटमा सीमित थियो।

ऊर्जा विकासको यात्रामा निजी क्षेत्रको प्रवेश ७ मेगावाटको इन्द्रावती तेस्रो आयोजनाबाट सुरु भएर अहिले २ हजार ३ सय मेगावाट विद्युत् उत्पादन भइसकेको छ। सरकारी तवरबाट भने हालसम्म ६ सय ६१ मेगावाट मात्र विद्युत् उत्पादन भएको छ। निजी क्षेत्रले जलविद्युत् क्षेत्रमा लगानी सुरु गरेको साढे दुई दशकमै नेपालले ऊर्जा उत्पादनको क्षेत्रमा राम्रो फड्को मार्न सफल भयो। नेपालको विद्युत् उत्पादनमा निजी क्षेत्रले अभूतपूर्व रूपमा सफलता हासिल गरेको छ।

एक दशक अघिसम्म वर्षा र हिउँद दुवैमा विद्युत् आयात गर्नुपर्ने अवस्थामा रहेको नेपालमा अहिले हिउँदमा मात्र आयात गर्नुपर्छ। वर्षायाममा भने नेपालले साढे ६ सय मेगावाटसम्म विद्युत् निर्यात गरिररहेको छ।

ऊर्जा मन्त्रालयले सन् २०३५ सम्ममा २८ हजार ५ सय मेगावाट विद्युत् उत्पादनको महत्त्वाकांक्षी लक्ष्य अघि सारेको छ। अभै सरकारले लिएको लक्ष्यअनुसार पूर्वतयारीको काम नहुने हो भने सो लक्ष्य आगामी ५० वर्षमा पनि भेट्टाउन सकिन्न। तर, सरकारले निजी क्षेत्रलाई सहजीकरण गर्दै जलविद्युत् पूर्वाधार निर्माणसँग सम्बन्धित केही कानुनहरू संशोधन गरेर सहज वातावरण बनाइदिने हो भने आगामी ५ वर्षभित्रमा थप १० हजार मेगावाट र अर्को ५ वर्षमा अर्को १५ हजार मेगावाट विद्युत् निजी क्षेत्रले मात्रै उत्पादन गर्न सक्ने दाबी कार्कीको छ।

निजी क्षेत्रले जलविद्युत्मा खन्याएको ठूलो लगानी र अथक मेहनतकै कारण अहिले काठमाडौं उपत्यकालगायत विभिन्न सहरका नेपाली उपभोक्ताले दैनिक २४ सै घण्टा विद्युत् उपयोग गरिरहेका छन्। यसमा निजी क्षेत्रले जलविद्युत्मा गरेको लगानी एकदमै महत्त्वपूर्ण भएको छ।

साउन भदौको मध्येवर्षामा समेत दैनिक १८ घण्टासम्मको चरम लोडसेडिङको एक दशक लामो २०६३ देखि २०७३ सालसम्मको कष्टपूर्ण अनुभव खेपेको नेपाली नागरिकले अहिले निर्बाध रूपमा दैनिक २४सै घण्टा विद्युत् उपयोग गरिरहेका छन्।

यहाँका उपभोक्ताले उपयोग गरेर पनि खपत नभएको विद्युत् छिमेकी देश भारतलगायत अन्य तेस्रो मुलुकसम्म निर्यात गर्ने अवस्थामा नेपाल पुगिसकेको छ। मुलुकमा पर्याप्त विद्युत् उत्पादन भएकै कारण हाल २४सै घण्टा विद्युत् उपयोग गर्ने बानी परिसकेका नेपाली उपभोक्ता कुनै ठाउँमा प्राविधिक गडबढी भएर केही समय



विद्युत् आपूर्ति रोकियो भने पनि झनक्क रिसाउने अवस्थामा आइपुगेका छन्।

काठमाडौं उपत्यकामा २०७३ सालको कात्तिक र मुलुकभर २०७५ सालको वैशाखदेखि लोडसेडिङ अन्त्य भएको घोषणासँगै क्रमशः सात वर्ष र पाँच वर्ष पूरा भइसकेको छ। यस अवधिमा जलविद्युत् उत्पादनमा मात्र होइन, छिमेकी देश भारतसँग आवश्यकतामा आधारित भएर बिजुली आदानप्रदान (पैंचो) मा सीमित रहेको नेपालको विद्युत् बजार अहिले भारतीय बजारमा निर्बाध रूपमा खुला खरिद-बिक्रीको अवस्थामा नेपाल आइपुगेको छ।

नेपालको जलविद्युत् उत्पादनको इतिहासलाई पल्टाएर हेर्दा फर्पिङ जलविद्युत् केन्द्रको निर्माण पछि सबैभन्दा पहिला भारतीय अनुदानमा निर्माण भएको त्रिशूली १ र त्रिशूली-देवीघाट जलविद्युत् आयोजनाबाट उत्पादित ३९ मेगावाट विद्युत् निर्यात गरेको नेपाललाई अहिलेसम्म ८ जलविद्युत् आयोजनाबाट उत्पादित ४०९ मेगावाट विद्युत् भारतीय आईएक्सको डे-अहेड बजारमा बिक्रीका लागि अनुमति दिइसकेको अवस्था छ।

इप्पानका अध्यक्ष कार्कीले दिएको जानकारीअनुसार विद्युत् ऐन-२०४९ जारी भएपछि जलविद्युत्लगायतका ऊर्जा उत्पादनमा प्रवेश गरेको निजी क्षेत्रको नेपालमा उत्पादित कुल ऊर्जामा दुई तिहाइ उपस्थिति पुगिसकेको छ। सरकारी क्षेत्रले भने जलविद्युत्मा हात हालेको १ सय १३ वर्षमा पनि अझै अपेक्षाकृत रूपमा आफ्नो उपस्थिति थप बढाउन सकेको छैन।

विद्युत् ऐन जारी भएपछि पनि सरकारले लामो समयसम्म निजी क्षेत्रलाई विश्वास नै गरेन। निजी क्षेत्रलाई जलविद्युत् उत्पादनका लागि अनुमतिपत्र दिने बेलामा सरकारी निकायका अधिकारीले निजी क्षेत्रले निर्माण गर्ने भनेको त्यही १/२ मेगावाट त होला भन्थे। तर, २०५५ सालमा निजी क्षेत्रका लागि विद्युत् खरिद सम्झौता (पीपीए) खुला गरेपछि निजी क्षेत्रले विद्युत् उत्पादनमा व्यापक छलाङ मार्‍यो। निजी क्षेत्रले निरन्तर नेपालको जलविद्युत्मा लगानी बढाउने होड नै गर्न थालेपछि अहिले नेपाललाई जलविद्युत्मा यति धेरै छलाङ मार्ने सफलता मिलेको इप्पान अध्यक्ष कार्कीको दाबी छ।

उनका अनुसार अढाइ दशकमा झन्डै कुल जडित क्षमताको ७० प्रतिशत हिस्सा निजी क्षेत्रले ओगटेको छ। अहिले निजी क्षेत्रले निर्माण गरेका कुल ९१ वटा जलविद्युत् आयोजना नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)मा सूचीकृत भइसकेका छन्। सेयर लगानीकर्ताबीच अहिले नेप्सेको सेयर कारोबारको सुचीकरणमा रहेका यी ९१ वटै हाइड्रोपावर कम्पनीमा राम्रो नाफा खान पाइन्छ भन्दै आकर्षित भएका छन्। अझै करिब १५ वटा हाइड्रोपावर कम्पनी आईपीओ सेयर निष्कासन गर्ने प्रक्रियामा पुगेका छन्। नेपाल धितोपत्र बोर्डले अनुमति दिएपछि अब यी आईपीओ जारी गर्ने प्रक्रियामा रहेका हाइड्रोपावर कम्पनीको सेयर कारोबार सुरु हुनेछ।

यसैगरी, सोलारसहित १ सय ७३ आयोजनाबाट पनि विद्युत् उत्पादन सुरु भइसकेको छ। अहिले निर्माणाधीन ३ हजार ६ सय मेगावाटबराबरका आयोजनामध्ये न्युन मात्र सरकारी आयोजना छन् भने करिब ८० प्रतिशत निजी क्षेत्रकै जलविद्युत् आयोजना छन्।

अझै सर्भेक्षण, उत्पादन र उत्पादन अनुमतिका लागि आवेदन दिएर निर्माण चरणमा पुगेका निजी क्षेत्रका आयोजनाको क्षमता २० हजार मेगावाटबराबरका छ। देशलाई उज्यालो बनाउने र स्वदेशभित्र पुँजी संकलनमार्फत आर्थिक समृद्धि हासिल गर्ने अभियानमा निजी क्षेत्र जिम्मेवार ढंगले अघि बढिरहेको इप्पानका अध्यक्ष कार्कीको भनाइ छ।

निजी क्षेत्रले सक्दैन भन्ने त्यति बेलाको कथन अहिले परिवर्तन मात्र भएको छैन, निजी क्षेत्रबाटै ५ सय मेगावाटसम्मका जलविद्युत् आयोजना निर्माण गर्न सक्षम भइसकेका छन्। 'निजी क्षेत्रले व्यापारिक उत्पादनमार्फत जलविद्युत् उत्पादनमा छलाङ मारेपछिको उपलब्धि अहिलेको हो' इप्पानका अध्यक्ष कार्कीले भने।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले पनि नेपालको उर्जा उत्पादन र व्यापारको यो अवस्थामा आइपुग्नुमा निजी क्षेत्रको भूमिका राम्रो भएको बताएका छन्। हाल मुलुकले विद्युत् निर्यातमा फड्को मारेको दाबी गर्दै उनले विद्युत् प्रसारण र वितरणतर्फका पूर्वाधार सुधार तथा विस्तारमा विभिन्न दातृ निकाय एवं निजी क्षेत्रलाई लगानी बढाउन आग्रह गर्दै आएका छन्।

ऊर्जा, जलस्रोत तथा सिँचाईमन्त्री शक्तिबहादुर बस्नेतले सरकारले स्वदेशी निजी क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर जलविद्युत् क्षेत्रमा काम गरिरहेको बताएका छन्। जलविद्युत्को विकासमा नेपालले केही वर्षभित्र अपेक्षाकृत फड्को मार्ने दाबी गर्दै मन्त्री बस्नेतले नेपालको जलविद्युत् क्षेत्रमा स्वदेशी तथा विदेशी निजी क्षेत्रको संलग्नता रहेकाले सरकारले विशेष प्राथमिकता भने स्वदेशी निजी क्षेत्रलाई दिइएको बताए।

अहिले निर्माणाधीन अवस्थामा रहेका जलविद्युत् आयोजनाको संख्या १ सय ४२ पुगेको छ। निर्माणमा जाने तयारीमा रहेका आयोजनाको संख्या पनि निकै बढेको छ। विद्युत् विकास विभागका अनुसार निर्माण सम्पन्न भई सञ्चालनमा रहेका आयोजनाको संख्या १ सय ४४ वटा छ। सर्वेक्षण अनुमति लिनका लागि आवेदन दिएका, सर्वेक्षण अनुमति लिएका, निर्माण अनुमतिका लागि आवेदन दिएका, निर्माणमा जाने तयारीमा रहेका आयोजनाको संख्या पनि ठूलो छ।

यसैगरी, प्रसारण लाइन निर्माणका लागि पनि सर्वेक्षण र निर्माण अनुमति लिएका आयोजनाको संख्या पनि बढेको छ। त्यस्तै, वायु र सौर्य ऊर्जा तथा सहउत्पादनका अनेकन स्रोतको समेत उत्तिकै प्रयोग, सञ्चालन तथा निर्माण छन्। मुलुकभरका निजी तथा सरकारी सबै जलविद्युत् क्षेत्रको नियमन गर्ने काम विद्युत् विकास विभागको हो। विद्युत् विकास विभागका महानिर्देशक जीवछ मण्डलले पनि नेपालको जलविद्युत्को क्षेत्रमा निजी क्षेत्रले गरेको योगदान एकदमै महत्त्वपूर्ण भएको बताए।

विभागका अनुसार हालसम्म निर्माण अनुमतिका लागि आवेदन दिएका आयोजनाको संख्या १ सय ४ वटा छ। ती आयोजनाको विद्युत् उत्पादन क्षमता ११ हजार ६९ मेगावाट छ। यसैगरी, कुल २ सय ४९ आयोजनालाई विद्युत् उत्पादन अनुमति दिइएको छ। ती आयोजनाको क्षमता ९ हजार ६ सय १ मेगावाटबराबर छ। विभागले ८३ आयोजनालाई सर्वेक्षणको अनुमति दिएको छ। ती आयोजनाको क्षमता २ हजार ८ सय ८ मेगावाटबराबर छ। कुल २६ वटा प्रसारण लाइन निर्माणका लागि अनुमति माग गर्दै आवेदन दिएका छन्। १२ वटा विभिन्न क्षमताका प्रसारण लाइन निर्माणका लागि सर्वेक्षण भइरहेको छ।

यसैगरी, विभिन्न क्षमताका २ सय २८ वटा प्रसारण लाइन निर्माणका लागि अनुमति लिएका छन्। १ सय ४१ वटा आयोजना निर्माणका विभिन्न चरणमा छन्। सरकारले निजी क्षेत्रलाई जिम्मा दिएका आयोजना कानुनअनुसार २५ वर्षपछि राज्यकै स्वामित्वमा आउँछ। ती आयोजनामा अन्ततः नागरिकको नै लगानी भएको हुन्छ। ती आयोजना निर्माणको गुणस्तरदेखि प्रयोग भएका उपकरणबारे विभागले नियमित रूपमा अनुगमन गर्नुपर्छ। यस्तै, वैदेशिक लगानीका ठूला क्षमताका आयोजनासमेत निर्माणका विभिन्न चरणमा छन्।

हाल नेपालले वार्षिक १५ अर्ब रुपैयाँबराबरको विद्युत् बिक्री गरिरहेको छ। मित्रराष्ट्रसँग बलियो कूटनीतिक सम्बन्ध बनाउँदै वार्षिक १५ खर्ब रुपैयाँसम्मको विद्युत् हामीले निर्यात गर्न सक्छौं। जसका लागि सरकारले विश्वासको वातावरण कायम राख्नुपर्छ। तर, नेपालको अस्थिर राजनीतिको प्रभाव ऊर्जा क्षेत्रमा पनि परेको छ।